**NCC Bank**
नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.
Nepal Credit & Commerce Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

**Head Office :**
Bagbazar, Kathmandu, Nepal
Post Box No.: 12559
Tel.: 4246991, Fax : 977-1-4244610
SWIFT : NBOCNPKA
E-mail : corporate@nccbank.com.np

*Ref.No: NCCBank /HO/BSO/034/078-79*

मिति: २०७८।०९।०२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

विषय : वार्षिक साधारण सभाको जानकारी सम्बन्धमा ।

महोदय,

यस नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.को सञ्चालक समितिको मिति २०७८ पौष ०२ गते बसेको ८७५औं बैठकको निर्णयानुसार यस बैंकको २४औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा बस्ने व्यहोरा जानकारी गराउँदछौं ।

**सभा हुने मिति, स्थान र समय :**

मिति : २०७७ पौष २९ गते, विहीवार (तदनुसार जनवरी १३, २०२२)।
समय : बिहान ११:०० बजे।
स्थान : बैंकको केन्द्रीय कार्यालय नजिकै रहेको होटल हार्दिक, बागबजार काठमाडौंबाट कोभिड -१९ को महामारीको विशेष परिस्थितिलाई दृष्टिगत गरी भर्च्यूल (Virtual) माध्यमबाट सम्पन्न गरिने ।

शेयरधनीहरुको जानकारीको लागि मिति २०७८ पौष ४ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरिने व्यहोरा समेत अनुरोध गर्दछौं साथै सो प्रकाशन गरिने सूचनाको मस्यौदा एक प्रति यसै पत्रसाथ संलग्न राखी पेश गरेको व्यहोरा समेत जानकारी गराउँदछौं ।

(विश्वनाथ भट्टराई)
कम्पनी सचिव

**NCC Bank**
नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.
Nepal Credit & Commerce Bank Ltd.

25 YEARS

बागबजार, काठमाण्डौं, नेपाल । फोन नं. : ०१-४२४६९९१, फ्याक्स नं : ९७७-०१-४२४४६१०
Email: nccb@nccbank.com.np

# चौबीसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८ पौष ०४ गतेको कारोबार राष्ट्रिय दैनिक)**

यस बैंकको सञ्चालक समितिको मिति २०७८ पौष ०२ गते बसेको ८७५औं बैठकको निर्णय अनुसार बैंकको चौबीसौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरूमा छलफल गर्न बस्ने भएकोले सबै शेयरधनी महानुभावहरूको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**१. सभा हुने मिति, स्थान र समय :**

मिति : २०७७ पौष २९ गते, विहीवार (तदनुसार जनवरी १३, २०२२)।

समय : बिहान ११:०० बजे ।

स्थान : बैंकको केन्द्रीय कार्यालय नजिकै रहेको होटल हार्दिक, बागबजार काठमाडौंबाट कोभिड -१९ को महामारीको विशेष परिस्थितिलाई दृष्टिगत गरी भर्च्युल (Virtual) माध्यमबाट सम्पन्न गरिने ।

**२. छलफलका विषयहरू :**

**(क) साधारण प्रस्तावहरू :**

(१) सञ्चालक समितिको चौबीसौं वार्षिक प्रतिवेदन सम्बन्धमा ।

(२) आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायत संलग्न अनुसूचीहरू समेतको एकीकृत वित्तीय विवरण पारित गर्ने सम्बन्धमा ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(४) यसै साधारण सभाको विशेष प्रस्तावको (ख) (१) अन्तर्गत आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट बैंकको हाल कायम चुक्ता पूँजीको ८ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पेश भए अनुसार उक्त बोनस शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनका लागि चुक्ता पूँजीको ०.४२ प्रतिशतले हुन आउने रू. ४,३४,२९,५४४।- नगद लाभांश वितरण गर्न प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरू :**

(१) आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट चुक्ता पूँजीको ८ प्रतिशतले हुन आउने रू. ८२,५१,६१,३३४।- बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव पारित गर्ने । साथै, बोनस शेयर जारी पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने सम्बन्धमा ।

(२) बैंकको प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन गर्ने ।

२.१ प्रबन्धपत्रको दफा ५ मा रहेको पूँजीगत संरचनामा देहाय बमोजिम संशोधन गर्ने सम्बन्धमा ।

(क) बैंकको अधिकृत पूँजी रू. ११,५०,००,००,०००।- पुऱ्याउनु पर्ने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(ख) बैंकको तत्काल जारी गर्ने शेयर पूँजी वृद्धि गरी रू. ११,१३,९६,७८,०१४।- पुग्ने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(ग) बैंकको चुक्ता पूँजी वृद्धि गरी रू. ११,१३,९६,७८,०१४।- पुग्ने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(३) बैंकको प्रबन्धपत्रमा भएका संशोधन सम्बन्धी विशेष प्रस्तावहरु सम्बन्धित नियामक निकायबाट स्वीकृति लिने क्रममा उक्त निकायहरुको निर्देशन अनुसार फेरबदल, परिमार्जन, थपघट गर्नु परेमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(४) नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभ्ने र गाभिने (मर्ज) वा प्राप्ति (एक्वीजिशन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सहमति/सम्झौता गर्ने तथा सो सम्बन्धमा प्रचलित कानून, नियम अनुसार बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

**साधारण सभा सम्वन्धी अन्य जानकारी**

१. यस साधारण सभामा भाग लिने प्रयोजनका लागि बैंकको शेयर दाखिल खारेजको काम मिति २०७८ पौष १२ गते एक दिन बन्द रहनेछ । उक्त मिति भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोबार गरी सि.डि.एस. क्लियरिङ्ग लि.बाट राफसाफ भएको र बैंकको शेयर रजिष्ट्रार सनराइज क्यापिटल लि.को शेयर अभिलेखमा दर्ता भएका शेयरधनीहरू साधारण सभाका लागि योग्य मानिनेछन् । शेयर कारोबार बन्द हुनु भन्दा अगाडि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई यस बैंकको शेयर रजिष्ट्रार श्री सनराइज क्यापिटल लि. मा प्राप्त विवरणको आधारमा हितग्राही खातामा कायम भएका शेयरधनीहरुले मात्र सभामा भाग लिन, मतदान गर्न र आर्थिक वर्ष २०७७/७८ को लाभांश लिन पाउनेछन् । नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोबार भई धितोपत्र व्यवसायी (सदस्य दलाल) को Pool Account मा रहेको शेयरका आधारमा शेयरधनी कायम नहुने भएकाले उल्लिखित मिति भित्र शेयरधनीहरुको खातामा समावेश गर्न समेत सम्बन्धित धितोपत्र व्यवसायीलाई अनुरोध गरिन्छ ।

२. भर्चुअल (Virtual) माध्यम मार्फत आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावहरुले ncc24agm@nccbank.com.np मा इमेल गरी सभा हुनुभन्दा ४८ घण्टा अगावै आफ्नो नाम टिपाउनु पर्नेछ । भर्चुअल माध्यमबाट सभामा सहभागी हुनका लागि Meeting ID र Password उपलब्ध गराइनेछ ।

३. सभा शुरु हुनुभन्दा १ घण्टा अगावै भर्चुअल माध्यम खुल्ला गरिनेछ । उक्त एक घण्टाको समय अगावै सभामा सहभागी हुने शेयरधनीहरुले दिइएको ID र Password को माध्यमबाट Login गरी आफ्नो परिचय, हितग्राही खाता नं. र शेयर संख्या सहित उपस्थितिको जानकारी सभासमक्ष गराउनु पर्नेछ ।

४. विश्वव्यापी रुपमा फैलिएको COVID-19 को जोखिमबाट बच्न र बचाउन नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन र मापदण्डले तोकेको भन्दा बढी उपस्थिति नहुने व्यवस्थाका लागि भर्चुअल मार्फत सहभागी हुन User ID र Password उपलब्ध गराइने भएको हुँदा यस विषयलाई शेयरधनी महानुभावहरुले सकारात्मक रुपमा लिई Online मार्फत सहभागिता जनाउन र सहभागी हुन अनुरोध गरिन्छ । यस किसिमको उपस्थितिलाई सभा हलमा उपस्थित भए सरहको मान्यता दिई उपस्थितिमा गणना गरिनेछ ।

५. शेयरधनी महानुभावको जानकारीका लागि सञ्चालक समितिको प्रतिवेदन लगायतका विवरणहरु बैंकको Website: www.nccbank.com.np मा राखिएको छ र विश्वव्यापी रुपमा फैलिएको COVID-19 को जोखिमका कारण संभव भएसम्मको प्रविधि प्रयोग गरी शेयरधनीहरुले उपलब्ध गराएको ईमेल मार्फत डिजिटल प्रतिवेदन पठाइने छ ।

६. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रोक्सी दिंदा तोकिए बमोजिमको ढाँचामा दिएको हुनुपर्नेछ । प्रोक्सी फारम सभा हुनुभन्दा ९६ घण्टा अगावै कार्यालय समयभित्र बैंकको केन्द्रीय कार्यालय बागबजार स्थित कम्पनी सचिवको सचिवालयमा दर्ता गराइसक्नुपर्ने छ । उक्त दिन सार्वजनिक बिदा परेमा उल्लिखित प्रयोजनका लागि कम्पनी सचिवको सचिवालय खुल्ला रहनेछ ।

७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफैं सभामा उपस्थित हुन चाहेमा सो को लिखित सूचना सभा हुनुभन्दा ४८ घण्टा अगावै कार्यालय समयभित्र बैंकको केन्द्रीय कार्यालय बागबजार स्थित कम्पनी सचिवको सचिवालयमा दर्ता गराइसक्नुपर्ने छ । उक्त दिन सार्वजनिक बिदा परेमा उल्लिखित प्रयोजनका लागि कम्पनी सचिवको सचिवालय खुल्ला रहनेछ ।

८. कुनै शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई अख्तियारनामा/प्रोक्सी दिएमा पहिलो पटक दर्ता हुन आएको प्रोक्सीलाई मान्यता दिइनेछ र पछिल्लो पटक दर्ता हुन आएको प्रोक्सी स्वतः बदर हुनेछ ।

९. संयुक्त रुपमा शेयर खरिद गरेको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मत रुपमा नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

१०. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम भएको व्यक्तिले मात्र सभामा भाग लिन वा प्रतिनिधि नियुक्त गर्न पाउनेछ ।

११. नाबालक वा विक्षिप्त व्यक्ति शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न र प्रतिनिधि तोकन पाउनेछ । तर संरक्षक आफैं शेयरधनी नभएमा संरक्षकले अरु शेयरधनीको प्रतिनिधित्व गरी सभामा भाग लिन सक्नेछैन ।

१२. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीको तर्फबाट मनोनित भएका प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नेछ ।

**पुनश्च**: (चौबीसौं वार्षिक साधारण सभाको वार्षिक प्रतिवेदन, प्रबन्धपत्रमा प्रस्तावित संशोधनको तीन महले, प्रोक्सी फारम तथा साधारण सभा सम्वन्धी विस्तृत जानकारीको लागि मिति २०७८ पौष ४ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बैंकको Website: www.nccbank.com.np मा हेर्न र Download गर्न सकिनेछ ।)

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

मिति २०७८-९-४ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित छ ।